# शितगंगा नगरपालिकाको राजपत्र

शितगंगा नगरपालिकाद्धारा प्रकाशित

खण्डः १ , अर्घाखाँची, पौष २० गते, २०७४ साल अंकः ९


# भाग-२

## शितगंगा नगरपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरकार्यपालिकाले बनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## शितगंगा नगरपालिकाको आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि, २०७४

**प्रस्तावनाः** शितगंगा नगरपालिका भित्र बसोवास गर्ने आर्थिक रुपमा बिपन्न बिरामी नागरिकहरुलाई औषधी उपचारको लागि अस्पताल सम्म आउन तथा जान सहयोग पुगोस भन्ने उद्धेश्यले शितगंगा नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४को दफा १७ (१) बमोजिम नगरकार्यपालिकाको मिति २०७५।१।२५को बैठकले यो कार्यबिधि स्वीकृत गरेको छ ।

### परिच्छेद – एक
### संक्षिप्त नाम र प्रारम्भ

(१) संक्षिप्त नामः- यस कार्यविधीको नाम **शितगंगा नगरपालिकाको आर्थिक सहायता कार्यविधि, २०७४** रहनेछ।
(२) यो कार्यबिधि तुरुन्त लागु हुनेछ ।

### परिच्छेद – दुई
### परिभाषा

विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,
(क)कार्यविधि भन्नाले शितगंगा नगरपालिकाको आर्थिक सहायता कार्यविधि, २०७४ लाई बुझाउनेछ ।

(ख) व्यवस्थापन समितिभन्नाले  आर्थिक सहायता व्यवस्थापन कार्यविधि २०७४ सञ्चालक समितिलाई बुझाउछ ।
(घ) न.पा. भन्नाले शितगंगा नगरपालिकाको कार्यालय, अर्घाखाँचीलाई जनाउछ ।
(ङ) बिपन्न भन्नाले परिवारमा नियमित रुपमा आयश्रोत नभएको, परिवारमा सरकारी कोषबाट तलबवा पेन्सन पाउने सदस्य नभएको, एकल पविारको कुनै सदस्यगैर सरकारी सस्थामा नोकरी नभएको, उद्योग व्यापार वा व्यवशाय नभएको,आर्थिक अवस्था कमजोर भएको अवस्थालाई समेत सम्झनु पर्छ ।

## परिच्छेद – तीन
## व्यवस्थापन समिति गठन

१.आर्थिक सहायता व्यवस्थापन कार्यविधि २०७४ को सञ्चालन तथा आवश्यक नीतिनिर्माण तथा निर्देशनका लागि देहाय वमोजिमका सदस्य रहने गरी आर्थिक सहायता व्यवस्थापन समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) नगरपालिका प्रमुख | – | संयोजक |
| (ख) नगरपालिका उपप्रमुख | – | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | – | सदस्य |
| (घ) वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक | - | सदस्य |
| (ड.) इलाका प्रहरी कार्यालयका प्रतिनिधि | – | सदस्य |
| (च) इन्जिनियर/प्राविधिक शाखा प्रमुख | – | सदस्य |
| (छ) नेपाल रेडक्रस सोसाइटीको शाखा प्रतिनिधि | – | सदस्य |
| (ज) नगरपालिकाको स्वास्थ्य प्रतिनिधि | – | सदस्य |
| (झ) योजना शाखा प्रमुख | – | सदस्य सचिव |

२. समितिको बैठक कम्तिमा बर्षको एक पटक बस्ने छ । समितिको बैठकमा आवश्यकता अनुसार व्यवस्थापन अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सकिनेछ ।
३. समितिको काम कर्तव्य र अधिकार

(क) नगरपालिका आर्थिक सहायताव यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।
(ख) नगरपालिका आर्थिक सहायता व्यवस्थापन कोषको सञ्चालनका लागि योजना तर्जुमा गरी -नगर सभाबाट स्वीकृत गराई कार्यक्रम तय गर्ने गराउने ।
(ग) कडाखालका रोगन्यूनीकरणको लागि जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।
(घ) आर्थिक सहायता वितरणको मापदण्ड तयार गर्ने, पुनरावलोकनको लागि कार्यपालिकामा सिफारिस गर्ने ।

## परिच्छेद–चार
## समितिको बैठक

(१) समितिको बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ । तर आपतकालिन वा बिशेष अवस्थामा अध्यक्षले तत्कालिन राहतका लागि सिधै निर्देशनगर्न सक्नेछ ।

(२) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमापनि वस्न सक्नेछ ।

(३) यस समितिका पदाधिकारीले बैठक बसेको दिन न.पा.कापदाधिकारीले पाए सरह बैठक भत्तापाउने छन् ।

## परिच्छेद–पाँच

## कोषको स्थापना र सञ्चालन

(१) यस आर्थिक सहायताकोषमा देहायअनुसारको रकम जम्मा गरिनेछ ।

(क) शितगंगा न.पा.बाट वार्षिक रुपमा आर्थिक सहाया व्यवस्थापन कोषमा विनियोजन भएको रकम ।

(ख) नेपाल सरकारबाट प्राप्तहुने अनुदान सहयोग ।

(ग) विभिन्न सरकारी, गैर सरकारी सस्थातथाअन्य दाताबाट प्राप्तभएको सहयोग ।

(घ) अन्य स्रोत

(२) कोषको सञ्चालन : यस कोषको रकम नगरपालिका विपन्न आर्थिक सहायता व्यवस्थापन कोषको खातामा जम्मा गरी शितगंगा नगरपालिकाको आर्थिक कार्यविधि नियमिततथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ अनुसार खर्च गरिनेछ ।तर नगरसभाबाट कोषको स्थापनाको निर्णय नभए सम्मआर्थिक सहायता तथा बिपद् व्यवस्थापनको लागि विनियोजित बजेटको अधिनमा रही निर्धारित मापदण्ड बमोजिम सहायता रकम उपलब्ध गराइने छ ।

(३) कोषमा जम्मा भएको रकम :- यस कोषमा जम्मा भएको रकम विपन्न आर्थिक सहायता व्यवस्थापनका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

(४) लेखा परीक्षण: यस कोषको आन्तरिक लेखा परीक्षण आ.ले.प.शाखाबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट गरिनेछ ।

(५) खाता सञ्चालन : यस कोषको खाता सञ्चालन शितगंगा नगरपालिकाको शितगंगा नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ अनुसार हुनेछ ।

## परिच्छेद – ६

## बिपन्न आर्थिक सहायता राहत वितरण

(क) मुटुरोग, क्यान्सर तथा मृगौलाको बिरामीलाई चिकित्सकको चेकजाँच कागजात तथा वडा कार्यालयको शिफारिस समेतको आधारमा राहत स्वरुपप्रति बिरामीलाइ रु. ३०००/ का दरले सहयोग उपलब्ध गराउने । तर एक आ.व. माएक व्यक्तिलाई एक पटक भन्दा बढी उक्त रकमउपलब्ध गराइने छैन ।

(ख) शारिरिक रुपमा अशक्त, परिवारमा कमाउने सदस्य नभएको, भूमिहिनलाई वडा कार्यालयको शिफारिसको आधारमा रु ३००० देखि ५००० सम्म उपलब्ध गराइने छ ।

(ग) विपद्को घटनामा परी घाइतेहुनेहरुलाई सरकारी अस्पतालबाट उपचार गरी घर आउनजानको आर्थिक सहयोग स्वरुप प्रतिव्यक्ति रु २०००/ यातायात खर्च दिइनेछ ।

(घ) बिपन्नहरुलाई राहत वितरण गर्दा यस कोषको अधिनमा रही राहत सहयोग उपलब्ध गराइने छ ।

(ङ.) आर्थिक सहयोग प्राप्तगर्नको निम्तिपीडितले जटिल रोगका बिरामीको हकमा उपचार गराएको ३० दिनभित्र सरकारी अस्पतालमा उपचार गराएको कागजात, वडा कार्यालयको सिफारिस सहित नगरप्रमुख समक्ष निवेदन पेश गर्नु पर्नेछ । अन्य बिपन्नको हकमा वडा समितिको निर्णय सहितनगर प्रमुख समक्ष निवेदन पेश गर्नु पर्नेछ । निबेदकले आफू बिपन्नभएको तथा परिवारमा नियमित रुपमा आम्दानीगर्ने व्यक्ति नभएको घोषणा गर्नु पर्नेछ ।

## परिच्छेद – सात

## अनुगमन तथा प्रतिवेदन सम्वन्धमा

(१) यो कार्यविधि अनुसार गरिएका काम कारवाहीको लागि नगर कार्यपालिकाबाट अनुगमन गरिनेछ ।

(२) यो निर्देशिका अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन नगरकार्यपालिकामा पेश गरिनेछ ।

## परिच्छेद – आठ

## संशोधन तथा परिमार्जन सम्वन्धमा

(१) नगरपालिका विपन्न कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार नगरकार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद – नौ

## खारेजी तथा वचाउ

यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा “स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन,२०७४”, “शितगंगा नगरपालिकको आर्थिक कार्यविधि नियमित तथाव यवस्थित गर्न बनेको ऐन, २०७४” को तथा अन्य प्रचलित कानुनसंग वाझिएको हकमा वाझिएको हदसम्म खारेजी हुनेछ ।

**प्रमाणीकरण मितिः २०७४/०९/२०**

आज्ञाले,
हरिनारायण वेल्वासे
प्रमुख प्रशासकीय अधिकृत